JOIN IELTS MORNING | DAY | EVENING CLASSES
APPLY TO STUDY IN AUSTRALIA & NEW ZEALAND
BEACON Premier International Education
Siddhartha Chowk Pokhara

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेन्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क ९५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ बैशाख ५ गते आइतबार ❑ 18 April 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## सर्वदलीय बैठकमा कोभिड रोकथाम, उपनिर्वाचन र संसद्को विजनेशका विषयमा छलफल

**रासस**
**काठमाडौं, ४ बैशाख**

प्रधानमन्त्री केपी शर्मा ओलीले बोलाउनुभएको शनिबारको सर्वदलीय बैठकमा कोभिड-१९ सङ्क्रमणको रोकथाम, तीनै तहका रिक्त क्षेत्रका उपनिर्वाचन र संसद्का कामकारवाहीका विषयमा छलफल भएको छ।

दलबाट राष्ट्रिय समस्याका विषयमा सरकारको साथ रहने कुराको प्रतिबद्धता आएको बैठकमा सहभागी नेकपा (एमाले) का प्रवक्ता तथा परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीले जानकारी दिए । बैठकपछि पत्रकारसँग कुरा गर्दै उनले भने, "बैठकमा कोरोना महामारीको प्रतिकार्य र रोकथामका उपाय कसरी अवलम्बन गर्ने, रिक्त भएका प्रतिनिधिसभा, प्रदशेसभा र स्थानीय तहमा कसरी उपनिर्वाचन सम्पन्न गर्ने तथा संसद्मा अड्किएका केही विजनेश र पछिल्ल्ला राजनीतिक स्थितिका बारेमा गम्भीर रूपमा छलफल गरेका छौँ ।" खुला सिमाना र अरु विभिन्न कारणले गर्दा कोरोना महामारीविरुद्धमा सबै दलको एउटै राय रहेको जानकारी गराउँदै उहाँले मुलुकमा दिन प्रतिदिन चुनौती बढ्दै गएको सन्दर्भमा अझै प्रभावकारी ढङ्गले काम गर्न दलका नेताहरूबाट सरकारलाई सुझाव आएको जानकारी दिए।

दलका नेताबाट खोपको सुनिश्चित गर्दै 'हटस्पट' क्षेत्रमा विद्यालय बन्द गरेर तथा धेरै भीडभाड हुने क्षेत्रमा जनातालाई अपिल गरेर भीड नियन्त्रणमा कदम चाल्न सरकारलाई आग्रह गर्दै त्यसमा साथ रहने प्रतिबद्धता आएको उनले बताए। रिक्त स्थानमा हुने उपनिर्वाचनमा संवैधानिक व्यवस्थाअनुसार नै निर्वाचन आयोगले तोकेको समयमा निर्वाचनमा सहभागी हुने सबै दलबाट सहमति आएको मन्त्री ज्ञवालीको भनाइ छ तर नेपाली काङ्ग्रेसले भने भदौमा महाधिवेशन भएकाले त्यसलाई प्रभावित नहुने गरी कार्यतालिका प्रकाशित गर्न सुझाव दिएको जनाइएको छ। त्यसको जवाफमा प्रधानमन्त्री ओलीले परामर्श गरेर अप्ठ्यारो नपार्ने गरी अघि बढ्ने आश्वासन दिनुभएको मन्त्री ज्ञवालीले जानकारी दिए । उनले संसद्मा एमसिसीलगायत विजनेश अड्किरहेको उल्लेख गर्दै सभामुख अग्निप्रसाद सापकोटाले तजविजी अधिकार प्रयोग गरेर लामो समयसम्म रोक्न मिल्दैन भन्ने कुरामा सबै दलको साझा धारणा आएको बताए। उनले केही दलबाट एमसिसीप्रति आलोचना भएको र आफ्नो आशङ्का प्रकट भए पनि विजनेस रोक्न भने नमिल्ने धारणा व्यक्त भएको जानकारी दिए । "उक्त विषयमा सभामुख, कार्य व्यवस्था परामर्श समिति र अन्य विभिन्न ठाउँमा छलफल गरेर टुङ्ग्याउनुपर्छ भन्ने सहमति भएको छ", मन्त्री ज्ञवालीले भने। यसका अतिरिक्त दलबीच समयसमयमा यस्ता विषयमा छलफल गर्दै मुलुकका साझा समस्या समाधानका लागि परामर्शका साथ अघि बढ्ने विषयमा पनि बैठकमा छलफल भएको बताइएको छ । उक्त बैठकमा प्रधानमन्त्री ओलीले वर्तमान सरकार राष्ट्रिय हितका विषयमा दृढताका साथ उभिएको र राष्ट्रियताको सवालमा कुनै सम्झौता नहुने बताउनुभएको मन्त्री ज्ञवालीले बताए । "पछिल्लो समयमा मुलुकको राजनीतिक स्थिरतालाई खल्बल्याउने, अस्थिरता निम्त्याउने र राजनीतिक प्रणालीलाई कमजोर गर्ने खालका प्रवृत्ति देखा परेका छन्, लोकतान्त्रिक शक्ति यसप्रति सजक हुनुपर्छ, यस्ता कार्यहरू निरुत्साहित गर्नुपर्छ", प्रधानमन्त्रीको भनाइ उद्घृत गर्दै मन्त्री ज्ञवालीले भने, "उक्त विषयमा सबै दलका नेता सहमत हुनुहुन्छ ।" बैठकमा माओवादी केन्द्र सहभागी नभएका विषयमा पत्रकारले सोधेको जिज्ञासामा ज्ञवालीले भने, "उहाँहरू किन आउनु भएन, किन यस्तो गैरजिम्मेवार बाटो हिँड्दै हुनुहुन्छ, उहाँहरूले जान्ने कुरा हो, उहाँहरूले थाहा पाउनुपर्छ, उहाँहरू नहुँदा पनि देश चल्छ ।" कर्णाली प्रदेशमा आफ्नै नेताले ह्वीप नाघेका सन्दर्भमा मन्त्री ज्ञवालीले संसदीय प्रणालीमा ह्वीप उल्लङ्घन र फ्लोर क्रस क्षम्य हुन नसक्ने बताए। उनले महत्वपूर्ण अध्यादेश अड्किएकामा समेत आपत्ति जनाए।

बैठकमा जनता समाजवादी पार्टीले अड्किएको नागरिकता विधेयक अघि बढाउन आग्रह गरेको उनले जानकारी दिए । सरकारमा सहभागी हुने विषयमा भने छलफल चलिरहेको र उनीहरूले केही संविधान एवं कानून तथा प्रशासनिक क्षेत्रमा जोडिएका विषय उठाएको मन्त्री ज्ञवालीले जानकारी गराए।

नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले कोभिडका विषयमा सरकार गम्भीर भएर लकडाउनभन्दा रोकथामतर्फ लाग्न ध्यानाकर्षण गराएको जानकारी दिए । रोकथामका विधिमा ध्यान दिएर जनतालाई सचेत गराउन सुझाव दिएको उनले बताए।
एमसिसी आफ्नै सरकारको पालामा सम्झौता भएकाले सदनमा छलफलमा ल्याउन आग्रह गरेको पौडेलले जनाए । बैठकमा उपप्रधानमन्त्री ईश्वर पोखरेल, अर्थमन्त्री विष्णुप्रसाद पौडेल, संविधानसभाका अध्यक्ष सुवासचन्द्र नेम्वाङ, नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, वरिष्ठ नेता पौडेल र महामन्त्री विमलेन्द्र निधि, नेता बालकृष्ण खाँड, जनता समाजवादी पार्टीका नेता महन्थ ठाकुर र लक्ष्मणलाल कर्ण, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का नेता लोहनी र नेपाल मजदूर किसान पार्टीका नेता प्रेम सुवाललगायत सहभागी रहेका थिए । बैठकमा नेकपा( एमाले) माधव नेपाल समूह र नेकपा (माओवादी केन्द्र)को भने उपस्थिति थिएन।

## पोखरा महानगरपालिकाले पनि फेवातालको संरक्षण गर्न सकेन

### महानगरलाई अटेरी गरी अवैध रुपमा फेवाताल किनारामा भौतिक संरचना धमाधम हुदै

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ बैशाख**

पोखराको फेवाताल संरक्षणको मुख्य जिम्मा पाएको स्थानिय तह पोखरा महानगरपालिकाले संरक्षण गर्न नसक्दा तालको किनारामा अवैध रुपमा भौतिक संरचना धमाधम भई रहेको छ ।

महानगरले याक्सनमा कारवाही गर्न नसकेको कारण हाल फेवातालको अतिक्रमण संगै मापदण्ड विपरित भौतिक संरचना धमाधम भई रहेको स्थानियले बताए । कास्की चापाकोटका हरी पराजुलीले आफुहरुले तालमा माटो पर्छ भनेर सडक बाटो बनाउदा समेत ख्याल गरेको तर तालनै अतिक्रमण गरेर भौतिक संरचना बनाउने मनसायले हाल भौतिक संरचना गर्ने उपर कारवाही हुनुपर्ने उनको माग छ।

गण्डकी प्रदेश सांसद रामजी प्रसाद बराल (जीबन) ले फेवाताल किनारामा अवैध रुपमा जो कसैले निर्माण गरेको भौतिक संरचना पोखरा महानगपालिका कार्यालयकै सक्रियतामा तत्काल हटाई उनीहरु उपर कारवाही हुनु पर्ने माग गरेका छन्। शनिबार फेवाताल अवलोकन गर्न पुगेका सांसद बरालले अवैध रुपमा निर्माण भएको भौतिक संरचनाको बिषयमा पोखराका मेयर मानबहादुर जिसी, कास्कीका प्रमुख जिल्ला अधिकारी थानेश्वर गौतम, पोखराका नागरिक अगुवा राम बहादुर पौडेल, फेवाताल



चारकिल्ला निर्धारण, सिमाङ्कन तथा नक्साङ्कन समितिका संयोजक पुण्यप्रसाद पौडेल लगायतलाई जानकारी गराएका थिए ।

पोखराको मुख्य पर्यटकीय स्थल फेवाताल अतिक्रमण र फेवातालमा मापदण्ड विपरित भौतिक संरचना निर्माण हुने क्रमलाई हाल सकैले पनि रोक्न सकेको छैन्। केही समय अघि व्लू स्काई प्याराग्लाईडिङको अवतरण गर्ने स्थलमा हाल करिब १ सय मिटर लम्बाईको ४ फुटको पर्खाल निर्माण भएको छ भने करिब २० ट्रक भन्दा बढी ढुंगा माटो राखेर फेवातालको दलदल भाग पुरिएको स्थानियले गुनासो गरे । फेवाताल सहित पोखराका ९ वटा ताल विश्वको रामसार सुचिमा सुचिकृत भएका छन्।

दीपेस श्रेष्ठ, मनोज श्रेष्ठ, प्रवेश शाक्य सहितको टोलीले व्यवसायीक प्रयोजनको लागि उक्त क्षेत्रमा फेवातालको सतहबाटै पर्खाल निर्माण गरेको अबस्थामा महानगरले यस अघि करिब ५ पटक हटाए पनि हाल उक्त संरचना बनेको हो। पोखरा महानगरपालिका कार्यालयले ५ पटकसम्म उक्त क्षेत्रमा मापदण्ड विपरित भौतिक संरचना निर्माण नगर्न निर्देशन दिदै एक पटक भौतिक संरचना समेत उठायर ल्याएको अबस्थामा पुनः भौतिक संरचना निर्माण भएकोले त्यसलाई पुनः भत्काउने र भौतिक संरचना जफत गर्ने भएको पोखराका मेयर मानबहादुर जिसीले बताए । उनले भने "उनीहरुलाई हामीले मापदण्ड विपरित भौतिक संरचना नवनाउ भन्ने हो, भन्दा मान्दैनन, चौतर्फी दबाब आए पनि हामीले अवैध रुपमा निर्माण भएका भौतिक संरचना भत्काउने र निर्माण सामाग्रि जफत गर्ने नै हो ।"

नागरिक समाज पोखराका अगुवा रामबहादुर पौडेलले फेवातालको अतिक्रमण र अवेध भौतिक संरचना निर्माण हुदा स्थानिय तह पोखरा १८ वडा कार्यालय र पोखरा महानगरपालिका मुकदर्शक भएर बसेको गुनासो गरे । आफुहरुको पहलमा केही ठाँउमा फेवातालमा अवैध रुपमा भौतिक संरचना निर्माण नगर्न आव्हान गरे पनि केही महिना पनि पुनः रातरात भौतिक संरचना बन्ने क्रम हाल नरोकिएको उनले दाबी गरे । महानगरलाई यस बिषयमा गम्भिर हुन आफुहरुले पटक पटक आग्रह गर्दा महानगरले हल्का रुपमा यस बिषयलाई लिएको हुदा अवैध रुपमा भौतिक संरचना बनाउनेहरुलाई प्रसय भएको नागरिक अगुवा पौडेलले जनाए। सार्वजनिक जग्गा संरक्षणमा स्थानियका सवै सरोकारवाला निकाय एक जुट हुनु पर्ने उनको भनाई थियो । पोखरा महानगरपालिका वडा नम्बर १८ का वडा अध्यक्ष रणबहादुर थापाले फेवातालमा मापदण्ड विपरित भौतिक सरचना बनाउने र दलदलभाग पुर्नेहरु बिरुद्ध कारवाहीको लागि पोखरा महानगरपालिकामा जानकारी गराए पनि त्यसको याक्सनका कारवाही नहुदा आफुहरु नै वाक्क भएको जनाए ।

पोखराका धेरै ठाँउमा सार्वजनिक जग्गा अतिक्रमण भएको दाबी गरे । यस बिषयमा सम्बन्धित व्यक्तिहरुलाई सोधपुछ गर्दा उनीहरु

बाँकी अन्तिम पृष्ठमा ▶▶

## 'संविधानको रक्षा गर्न नसके प्रजातन्त्र बच्दैन'

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ बैशाख**

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का स्थायी कमिटी सदस्य एवं संसदीय दलका प्रमुख सचेतक देवप्रसाद गुरुङले संविधानको रक्षा गर्नु अहिलेको प्रमुख कार्यभार रहेको बताएका छन् ।

नेकपा माओवादी केन्द्र मादी गाउँपालिकाले शनिबार आयोजना गरेको पालिकास्तरीय कार्यकर्ता भेलामा उनले संविधानको रक्षा गर्न नसके प्रजातन्त्र नबच्ने र देशमा अस्थिरता र अराजकता पैदा भएर द्वन्द्वको स्थिति आउनसक्ने उल्लेख गरे।

कार्यक्रममा माओवादी केन्द्रका जिल्ला इन्चार्ज राजकाजी गुरुङ, गण्डकी प्रदेश अर्थ तथा विकास समितिका सभापति दीपक कोइराला, सचेतक गायत्री गुरुङ, गाउँ कमिटी अध्यक्ष कृष्णराज दाहाल, वडाध्यक्षहरू लालबहादुर गुरुङ, तोरण गुरुङ, मित्र गुरुङ, युवानेता क्षितिज सापकोटालगायतले माओवादी केन्द्रलाई एकताबद्ध बनाउँदै सङ्गठन निर्माणमा जुटन् आग्रह गरेका थिए।

## कास्कीका १२५ विद्यार्थीलाई छात्रवृत्ति वितरण

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ बैशाख**

पूर्व मन्त्री तथा वरिष्ठ उद्योगपति हरिप्रसाद पाण्डेले कास्कीका ५ पालिकाका १ सय २५ जना विद्यार्थीलाई झण्डै ४० लाख रुपैयाँ बराबरको छात्रवृत्ति वितरण गरेका छन्।

जिल्लाका पोखरा महानगरपालिका, माछापुच्छे, अन्नपूर्ण, मादी र रुपाँ गाउँपालिकाका गरी कुल ७२ वडाको प्रतिनिधित्व गर्दै २१ छात्र र ८४ छात्रा गरी १ सय २५ जनालाई छात्रवृत्ति रकम वितरण गरिएको हो । जसमा दलित विद्यार्थीका लागि ३ लाखसहित कुल ३९ लाख बराबरको छात्रवृत्ति रकम तय गरिएको थियो । पाल्पाली समाज पोखराको व्यवस्थापन तथा मातृसेवा प्रतिष्ठान नेपालको आयोजनामा शुक्रबार पोखरामा उनीहरुलाई बढीमा ५० हजार रुपैयाँसम्म 'कर्मभूमि छात्रवृत्ति' वितरण गरिएको




प्रतिष्ठानका अध्यक्ष तुलसा पाण्डेले जानकारी दिइन् । छात्रवृत्ति प्राप्त गर्नेमा कास्की जन्मस्थल तथा ननग्राजुयट प्राविधिक शिक्षा अध्ययन गरेको हुनुपर्नेछ । उनीहरु स्वास्थ्य चिकित्सा शास्त्र, कृषि, भेटेनरी, इन्जिनियरिङ, होटल म्यानेज्मेन्ट लगायत विषय पढिरहेका छन् ।

कर्मभूमि छात्रवृत्ति वितरण समारोहमा गण्डकी प्रदेशका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री विकास लम्सालले छात्रवृत्तिबाट गरिब तथा जेहेनदार विद्यार्थीको भविष्य उज्वल बनाउन मद्दत मिल्ने बताए । प्रतिष्ठानका संस्थापक अध्यक्ष समाजसेवी हरिप्रसाद पाण्डेले सरल जीवन बाँच्नुपर्ने सुझाव दिँदै छात्रवृत्तिको सदुपयोग गर्न विद्यार्थीलाई सुझाव दिए। गत वर्ष पनि प्रतिष्ठानले पाल्पामा ४० लाख ५० हजार बराबरको 'रम्भादेवी छात्रवृत्ति' वितरण गरेको प्रतिष्ठानका सचिव श्रीराम पाण्डेले जानकारी दिए। प्रतिष्ठान अध्यक्ष तुलसा पाण्डेको अध्यक्षतामा भएको कार्यक्रममा पोखरा महानगरपालिकाका प्रमुख मानबहादुर जिसी, मादी गाउँपालिकाका अध्यक्ष वेदबहादुर गुरुङ श्याम, अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष युवराज कुँवर, रुपा गाउँपालिकाका अध्यक्ष नवराज ओझा, माछापुच्छे गाउँपालिकाका वडा ९ अध्यक्ष दुर्गाबहादुर क्षेत्री लगायतले बोलेका थिए । स्वागत पाल्पाली समाज पोखराका निवर्तमान अध्यक्ष कुलप्रसाद घिमिरे, संचालन कार्यक्रम संयोजक एवं समाजका सल्लाहकार खेमबहादुर सारु र धन्यवाद ज्ञापन समाजका अध्यक्ष रेशम रचक थापाले गरेका थिए।

कार्यक्रममा प्राविधिक विषय पढाउने कास्कीका विभिन्न शैक्षिक संस्थाका प्रमुख तथा प्रतिनिधिको उपस्थिति थियो । अतिथिलाई पाल्पाको पहिचान पाल्पाली ढाकाटोपी लगाएर स्वागत गरिएको थियो।



# पोखरा क्रिकेट क्लबलाई प्रो-३५ वुमन्स क्रिकेट सिरिज

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ बैशाख**

काठमाडौको अल्फा क्रिकेट एकेडेमीलाई ६ विकेटले पराजित गर्दै पोखरा क्रिकेट क्लबले दुईखेलको श्रृंखला क्लिन स्वीप गरेको छ।

प्रो-३५ वुमन्स दुईखेलको श्रृखला अन्तर्गत शनिबार दोस्रो खेलमा पोखरा क्रिकेट क्लबले भ्रमणकारी टोलीलाई ६ विकेटले पराजित गर्दै च्याम्पियन ट्रफी रक्षा गर्‍यो। काठमाडौंले टस जितेर व्याटिङमा उत्रियो। ३५ ओभरको खेलमा २२ ओभरमा सबै विकेट गुमाउँदै काठमाडौंको टोलीले ७६ रनको सामान्य लक्ष्य तयार पार्‍यो। कन्चन श्रेष्ठले सर्वाधिक २९ रनको योगदान दिईन्। हेलिसा गुरुङले १२ र अस्मिना कर्मचार्यको नाममा १० रन मात्रै बोर्डमा लेखिएको थियो। बलिङ तर्फ पोखरा क्रिकेट क्लबकी डली भट्टले ५ विकेट लिईन्। त्यस्तै कविता कुँवरले २ विकेट लिन सफल भईन्। ७७ रनको लक्ष्य पछ्याएको पोखरा क्रिकेट क्लबले ४ विकेटको क्षतिमा पुरा गर्‍यो। केवल १५.५



ओभर खेल्दै पोखरा क्रिकेट क्लबले लक्ष्य भेट्टाउने क्रममा डली भट्टले १८ रनमा नटआउट रहिन्। उनको प्रेरणादायी खेलमा कविता कुँवरले पनि १८ रन बनाउँदै जितको आधार तयार पारिन्।

त्यस्तै शिला रेग्मी क्षत्रीले ११ र रेवती धामीले १० रनको योगदान गरिन्। पोखरा क्रिकेट क्लबको आयोजना तथा वाईनकिङको मुख्य प्रायोजनमा पोखरा रंगशालामा आयोजित प्रो-३५ वुमन्स दुई खेलको श्रृखंलामा अल्फा क्रिकेट एकेडेमीकी कन्चन श्रेष्ठ विन्ध्येश्वरी भाडा उद्योग प्लेयर अफ दि सिरिज घोषित भईन्। प्लेयर अफ दि म्याचको पुरस्कार भने पोखरा क्रिकेट क्लबकी डली भट्टले प्राप्त गरिन्।

महिलालाई क्रिकेटप्रति आकर्षित तथा प्रेरित गर्ने उद्देश्यसहित पोखरा क्रिकेट क्लबले आयोजना गरेको दुई खेलको श्रृंखलाका विजेतालाई राष्ट्रिय खेलकुद परिषदका बोर्ड सदस्य राजेश गुरुङ, कास्की जिल्ला क्रिकेट संघका अध्यक्ष सन्जयकान्त सिग्देल, पोखरा क्रिकेट क्लबका पूर्व अध्यक्ष देवेनसन प्रजु, पूर्व अध्यक्ष उमेशसिंह यादव, क्लबका अध्यक्ष निकेश श्रेष्ठ, द्धितीय उपाध्यक्ष चन्द्रकुमार गुरुङ लगायतले पुरस्कार प्रदान गरेका थिए।

# छात्रतर्फ बिवेक र छात्रातर्फ नर्मताले जिते ५ किलो मिटर दौड

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ बैशाख**

१५ औं सस्करणको पोखरा म्याराथन अन्तर्गत पोखरामा शनिबार सम्पन्न ५ किलोमिटर छात्र तर्फ बिबेक परियार र छात्रातर्फ नर्मता गुरुङले जितेका छन।

नेपाली अग्रज खेलाडीहरुको छाता संस्था भूतपूर्व खेलाडी मञ्च नेपालको आयोजनामा सम्पन्न दौडमा छात्रतर्फ ज्ञान ज्योती इङलिस बोर्डिङ स्कूल माछापुच्छ्रे लाहाचोकमा अध्ययनरत कास्कीका बिबेक परियारले जितेका हुन। उनले उक्त दौड २१ मिनेट ५२.३० सेकेण्डमा पुरा गरेका थिए। यसै गरी छात्रातर्फ भानु मावी तनहुँमा अध्ययनरत नर्मता गुरुङले जितेकी छन। उनले उक्त दौड २८ मिनेट १०.१ सेकेण्डमा पुरा गरेकी थिइन। दुवैलै दौड जिते सँगै नगद जनही १०-१० हजारका साथमा मेडल, प्रमाणपत्र र मायाँको चिनो प्राप्त गरे। त्यसै गरी पदमोदय मोडल सेकेण्डरी स्कुल दाङका छात्र गृष राना मगरले २२ मिनेट ०२. ५० सेकेण्डमा पुरा गर्दै दोश्रो भएका छन भने श्री



ज्योती मावी नवलपरासीका आशिष पोखरेल २२ मिनेट २२.३० सेकेण्डमा पुरा गर्दै तेश्रो भएका छन। यता छात्रातर्फ पदमोदय मोडल सेकेण्डरी स्कुल दाङ घोराहीकी बन्दना चौधरीले ३० मिनेट १२.२० सेकेण्डमा पुरा गर्दै दोश्रो भइन भने उदय मावी धम्पुस माछापुच्छ्रेकी बिनु बिक ३१ मिनेट ४८.२० सेकेण्डमा दोड पुरा गर्दै तेश्रो भइन। प्रतियोगितामा दोश्रो र तेश्रो हुनेले धावकले क्रमश जनही नगद ७ र ४ हजारका साथम मेडल, प्रमाण र मायाको चिनो प्राप्त गरेका छन। बिजयी खेलाडीहरुलाई पोखरा महानगर पालिकाका उपप्रमुख मञ्जु देवी गुरुङ, मञ्चका संस्थापक अध्यक्ष खड्ग बहादुर रानाभाट, गैर आवाशिय नेपाली संघ यूकेका प्रमुख संरक्षक मेजर डम्वर घले 'एम भि ओ', सहारा यूकेका पूर्व अध्यक्ष दिलिप गुरुङ 'एम वि ई', पोखरेली मञ्च यूके तथा तमु धिं यूकेका कोषाध्यक्ष कमल गुरुङ, तमु धिं यूकेका पूर्व अध्यक्ष ज्ञाम गुरुङ, एनआरएन यूकेका पूर्व अध्यक्ष मुछेत्र गुरुङ, पोखरेली मञ्च तथा तमु धि यूकेका सल्लाहाकारहरु दिलरास गुरुङ, लाल काजी गुरुङ, भोज बहादुर गुरुङ, भूम्दीकोट समाज पोखराका अध्यक्ष सु.मे. ज्ञान बहादुर गुरुङ, सचिव कृष्ण गुरुङ, प्रतियोगिताका संयोजक हरि प्रसाद पराजुली, महासचिव खेम गुरुङ लगायतले नगद, मेडल, प्रमाणपत्र र मायाको चिनो वितरण गरेका थिए।

सो अवसरमा पोखरा महानगर पालिकाकी उप प्रमुख गुरुङले हिमाली सांस्कृतिक परिवार अध्यक्ष मेनकाजी गुरुङलाई सांस्कृतिक क्षेत्रमा उल्लेख्य योगदान पुर्याएको भन्दै नगद ५ हजार प्रदान गरेकी छन भने भुम्दी कोट समाज पोखराले समेत हिमाली सांस्कृतिक परिवारलाई नगद ५ हजार प्रदान गरेको छ।

दौडमा सहभागी कान्छो उमेरका २ जना खेलाडीहरुलाई भुम्दीकोट समाजले प्रोत्सहान स्वरुप नगद १-१ हजार प्रदान गरेको छ। प्रतियोगितामा ७ वर्ष देखि १६ वर्ष उमेर समुहका खेलाडीहरुको सहभागिता रहेको थियो। कार्यक्रम मञ्चका अध्यक्ष एवम गण्डकी प्रदेश खेलकूद परिषदका सदस्य सचिब तेज गुरुङको अध्यक्षतामा भएको थियो। सफल दुधको मुख्य प्रायोजनमा १५ औं संस्करण अन्तर्गत उक्त दौड प्रतियोगिता भएको थियो।

# गोरखामा विवेकशील साझा पार्टीको जिल्ला समायोजन

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ बैशाख**

विवेकशील साझा पार्टी गण्डकी प्रदेशले गोरखास्थित गोरखाबजारमा शनिबार एक भेलाको आयोजना गरी गोरखा जिल्ला कार्यसमितिको समयोजन गरेको छ।

साबिक दुवै दल विवेकशील नेपाली दल र साझा पार्टीको जिल्ला समितिहरूको संयुक्त बैठकले सिफारिस गरेको अधारमा कार्यसमितिलाई भेलामा घोषणा गरिएको हो। गोरखाको समायोजित कार्यसमितिको संयोजकमा किशोर रेग्मी चयन भएका छन्। संयोजक रेग्मी यसअघि गण्डकी प्रदेश समिति सदस्य हुन्। समायोजनपश्चात् विवेकशील साझा पार्टीको गोरखा जिल्ला समिति १६ सदस्यीय बनेको छ। सदस्यहरूमा सुन्दर गुरुङ, दीपेन्द्र लामिछाने, धनबहादुर अधिकारी, शोभा बिक, बुद्धक थापा, हरि पोखरेल, भुवन बन्जरा, सुजन बस्नेत, राजकुमार अम्गाई, आषिम पोखरेल, सजिना बन्जरा, अन्जन श्रेष्ठ, समिर गुरुङ, रिजन रानामगर र



रामकुमार श्रेष्ठ रहेका छन्।

घोषणा सभालाई विशेष सम्बोधन गर्दै विवेकशील साझा पार्टीका गण्डकी केन्द्रीय सदस्य तथा संगठन विभाग उपप्रमुख प्रदीपकुमार थापाले दुई वैकल्पिक पार्टीहरू एक भएपछि गण्डकी प्रदेशभित्र संगठन बिस्तार द्रूत गतिमा अगाडि बढेको बताए। त्यसैगरी नवघोषित गोरखा जिल्ला संयोजक किशोर रेग्मीले विवेकशील साझा पार्टीलाई गोरखाका हरेक स्थानीय तहमा संगठन बिस्तार गर्ने प्रतिबद्धता ब्यक्त गरे। कार्यक्रममा विवेकशील साझा पार्टीका गण्डकी प्रदेश सहसंयोजक तथा केन्द्रीय सदस्य जमुना शर्मा, त्यसै गरी केन्द्रीय सदस्यहरू अमृत पुडासैनी, सुशीला केसी अधिकारी, रजनी केसी, पवित्रा थापा, नवराज थापा र शिशिर बन्जरा, गण्डकी प्रदेश सदस्य तथा अभियान विभाग प्रमुख अशोक खड्का, कास्की जिल्ला संयोजक फणिन्द्र अधिकारी, तनहुँ जिल्ला संयोजक सागर घिमिरे, नेताहरूले शुभकामना तथा बधाई मन्तव्य राखेका थिए।

गण्डकी प्रदेश समितिले यही आइतबार लगत्तै स्याङ्जामा जिल्ला कार्यसमिति घोषणा गर्दैछ र त्यसको तयारी पूरा भइसकेको गण्डकी प्रदेश संयोजक महेश भण्डारीले जानकारी दिए।

# छात्र भलिवलमा शान्त मावि छात्रा तर्फ भने जनप्रिय माविलाई उपाधि

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ बैशाख**

पोखरा महानगरपालिका, १८ स्थित भकुण्डेमा शनिवार सम्पन्न भएको बिद्यालय स्तरीय छात्र तर्फको शान्त मावि र छात्रा तर्फ भने जनप्रिय माविले उपाधि जितेको छ।

शनिबार भएको फाइनल खेलमा शान्त माविले कृष्तीको भविश्य निर्माण माविलाई ३–० को सोझो सेटमा पराजित गर्दै उपाधि सहित १८ हजार हात पारेको हो। उपविजेता भएको भविश्य निर्माण माविले १२ हजारको साथमा ट्रफी मेडल र प्रमाण पत्र प्राप्त गर्‍यो।

त्यस्तै शान्त माविको भलिवल कोर्टमा भएको छात्रा तर्फको फाइनल खेलमा जनप्रिय माविले धार्दिङको कालिका आधारभूत बिद्यालयलाई ३–२ को सेटमा पराजित गर्दै उपाधि सहित १२ हजार नगद पुरस्कार प्राप्त गरेको हो। उपविजेता भएको कालिका आधारभूत बिद्यालयले ८ हजारको साथमा ट्रफी मेडल र प्रमाण पत्र प्राप्त गरेको छ। त्यस्तै प्रतियोगितामा छात्र तर्फ भद्रकालि मावि तेश्रो, छोरोपाटन मावि शान्त्वना भएको छ भने छात्रा



तर्फ शान्त मावि ए तेश्रो, सिद्ध वराह शान्त्वना भएको छ। शान्त भलिवल ट्रेनिङ सेन्टरको आयोजना, भकुण्डे युवा मञ्चको सहयोगमा वैशाख १ गते देखि संचालन भएको छात्र/छात्रा बिद्यालय स्तरिय भलिवल प्रतियोगितामा छात्र तथा छात्रा तर्फ ८/८ टोलीको सहभागिता रहेको प्रतियोगिता संयोजक दीनेश प्रसाद चौधरी, मञ्चका अध्यक्ष सन्तोस अधिकारीले बताए। विजेता खेलाडीहरुलाई समाजसेवी धुर्व बहादुर थापा, संयोजक चौधरी लगायले पुरस्कार वितरण गरेका थिए। यसैबिच उक्त प्रतियोगिताको फाइनल खेलमा रेफ्रिलाई वल हस्तान्तरण गर्दै गण्डकी प्रदेश सांसद रामजी प्रसाद बराल (जीवन) ले गण्डकी प्रदेशको राजधानि पोखरा सहित प्रदेशमा हुने नवौं राष्ट्रिय खेलकुद प्रतियोगितालाई यस्ता प्रतियोगिताले प्रबर्द्धन गर्ने बताए।

टोल टोलमा खेलकुद मैदान आवश्यक भएको बताएका सांसद बरालले राज्यको दृर्घकालिन सोचको अभावमा खेलकुदमा प्रगती हुन नसकेको उनले जनाए। भकुण्डेको खेल मैदानको स्तरउन्तीको लागि सहयोग गर्ने बताएका सांसद बरालले युवा शक्तिलाई खेलकुदसंगै सार्वजनिक जग्गाको संरक्षणमा समेत चासो दिन आग्रह गरे। पोखराको फेवातालमा पोखरा महानगरपालिकालाई हटेर गरी हालै निर्माण गरेको पर्खाल सहितको भौतिक संरचनाको अवलोकन समेत गरेका थिए। फेवाताल किनारामा अवैध रुपमा जो कसैले निर्माण गरेको भौतिक संरचना पोखरा महानगपालिका कार्यालयकै सक्रियतामा तत्काल हटाई उनीहरु उपर कारवाही हुनु पर्ने उनको भनाई छ। सांसद बरालले अवैध रुपमा निर्माण भएको भौतिक संरचनाको बिषयमा पोखराका मेयर मानबहादुर जिसी, कास्कीका प्रमुख जिल्ला अधिकारी थानेश्वर गौतम, पोखराका नागरिक अगुवा राम बहादुर पौडेल, फेवाताल चारकिल्ला निर्धारण, सिमाङ्कन तथा नक्साङ्कन समितिका संयोजक पुण्यप्रसाद पौडेल लगायतलाई जानकारी गराएका थिए।

पोखरा महानगरपालिका वडा नम्बर १८ का वडा अध्यक्ष रणबहादुर थापाले उक्त मैदान संरक्षणमा केही सहयोग गर्ने बताए। कास्की जिल्ला भलिवल संघका अध्यक्ष भिम पराजुलीले भकुण्डेको भलिवल मैदान मर्मतमा बजेट विनियोजना गर्न प्रतिनिधिहरुसंग आग्रह गरे।

# लोकतन्त्रको रक्षाका लागि वैकल्पिक सरकारको खाँचो : नेता सिंह

**पोखरापत्र संवाददाता**
**स्याङ्जा, ४ बैशाख**

नेपाली कांग्रेसका नेता प्रकाशमान सिंहले लोकतन्त्रको रक्षाका लागि वैकल्पिक सरकारको खाँचो रहेको औल्याएका छन्।

नेपाली कांग्रेस स्याङ्जा क्षेत्र नं २ र २ ले आज बिहान वालिङमा आयोजना गरेको नेता तथा कार्यकर्ता भेटघाट कार्यक्रममा बोल्नुहुँदै नेता सिंहले लोकतन्त्रको रक्षाका लागि अब कांग्रेसले नेतृत्व लिएर अगाडि बढ्नुको विकल्प नभएको बताएका हुन। नेपाली जनताको त्याग र बलिदानबाट प्राप्त लोकतन्त्रको रक्षाका लागि पनि नेपाली कांग्रेसले अबको नेतृत्व लिनुपर्ने समय आएको नेता सिंहको धारणा थियो। "कम्युनिष्टलाई पाँच वर्षसम्म स्थिर सरकार चलाउनका लागि जनताले निर्वाचित गरेका हुन्", नेता सिंहले भन्नुभयो, "जुन अपेक्षासहित जनताले मत दिए तर त्यो मतको सही सदुपयोग गर्न कम्युनिष्टले सकेनन्।"

# पोखरा...

वोल्न चाहेनन्। मापदण्ड विपरित निर्माण भएका भौतिक संरचनाको विवरण पेश गर्न आफुहरुले सम्बन्धित वडामा खबर गरेको महानगरका बरिष्ठ कानून अधिकृत नारायण शर्माले बताए। मापदण्ड विपरित जो कसैले निर्माण गरेको भौतिक संरचना भेटिएमा महानगरले भत्काउने र उक्त सामान समेत जफत गर्ने अधिकृत शर्माले बताए।

पोखराको फेवातालको बाध मर्मत गर्न हाल तालको पानी सुकाएको मौका छोपी तालको कीनार भागमा भौतिक संरचना निर्माण गर्ने क्रम हाल पनि नरोकिएको स्थानिय शिव देवकोटाले बताए।





कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरूषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

**महिलाहरूमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता**: अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्धार सम्वन्धी रोग**: छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५३९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

क्षमा दिनु दुश्मनमाथि विजय प्राप्त गर्नु हो । – हजरत अली

## सम्पादकीय

# फ्लोर क्रसलाई मन्त्री पुरस्कार

मन्त्री पदका लागि संसदीय मुल्य, मान्यता र दलको ह्वीप उल्लंघन गर्न तयार हुन्छन् भन्ने कर्णाली प्रदेशले देखाएको छानेकपा एमालेको ह्वीप उल्लंघन गरेर मुख्यमन्त्री महेन्द्र बहादुर शाहीलाई विश्वासको मत दिने चार मध्ये तीनजना मन्त्री भएका छन । कर्णाली प्रदेशमा बहुमतमा रहेको एमालेले माओवादी केन्द्रका मुख्यमन्त्री शाहीको सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि सरकार ढल्ने अवस्थामा पुगेको थियो । एमाले बरिस्ठ नेता माधवकुमार नेपाल पक्षका चार प्रदेश सांसदले फ्लोर क्रस गरेर शाही सरकारलाई नाटकीय रुपमा बचाइ दिएका थिए । एमाले कर्णाली प्रदेश कमिटीले फ्लोर क्रस गरेका नन्द सिंह बुढा, अमर बहादुर थापा, कुर्म राज शाही लाई सांसद र पार्टीको सदस्य नरहने गरि कार्वाही गरेको छ। प्रकाश ज्वालालाई कार्वाही गर्न केन्द्रीय कमिटीलाई सिफारिस गरेको छ। कर्णालीका मुख्यमन्त्री  शाहीले शनिवार नयाँ मन्त्री नियुक्त गरेका छन। शुक्रबार मात्र प्रदेशसभामा विश्वासको मत पाएका मुख्यमन्त्री शाहीले तीनजना  मन्त्री नियुक्त गरेका हुन् । तीन मध्ये नन्दसिंह बुढा मन्त्री रहेका थिए ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका अनुसार प्रदेशसभामा मुख्यमन्त्रीको पक्षमा फ्लोर क्रस गरेका एमालेका तीन सांसद मन्त्री नियुक्त भएका हुन् । एमालेको ह्वीप उलंघन गर्दै फ्लोर क्रस गरेका चारजना सांसदमध्ये तीन जनालाई मन्त्री बनाइएको छ। एमालेका सांसद अमरबहादुर थापा, कुर्मराज शाही र नन्दसिंह बुढा मन्त्री बनेका हुन् । मुख्यमन्त्री शाहीले अमरबहादुर थापालाई भौतिक पूर्वाधार विकासमन्त्री, नन्दसिंह बुढालाई भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री र कुर्मराज शाहीलाई उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रीमा नियुक्त गरेका छन् । संसदीय प्रणालीमा विरलै हुने घटना नेपालमा तीन वर्षमा भएको छ । फ्लोर क्रस गरेका प्रकाश ज्वाला भने मन्त्री नियुक्त भएनन् । यस्तै मुख्यमन्त्रीले केही मन्त्रालयको जिम्मेवारी पनि हेरफेर गरेका छन् । सामाजिक विकास र आर्थिक मामिला तथा योजना मन्त्रालयको जिम्मेवारी मन्त्री विमला केसीलाई तोकेका छन् । आन्तरिक मामिला तथा कानुन मन्त्रालयको जिम्मेवारीमा मन्त्री नरेश भण्डारीलाई नै कायम राखिएको छ । नवनियुक्त मन्त्रीहरुको शपथ आइतवार हुने भएको छ । एमाले र माओवादीबीचको एकता भंग भएपछि कर्णालीमा सत्ता संकट गहिरिएको थियो । एमाले सरकारबाट बाहिरिएपछि अल्पमतमा परेका मुख्यमन्त्री शाहीले शुक्रबार मात्र प्रदेश सभामा विश्वासको मत पाएका थिए। ३९ सदस्यीय प्रदेशसभामा विश्वासको मतका लागि २० मत आवश्यक थियो । मुख्यमन्त्रीको पक्षमा माओवादीका १२, कांग्रेसका ६ र एमालेको माधव नेपाल पक्षका चार सांसदले मत दिएका थिए।

संत्ता संकट टरेसँगै मुख्यमन्त्रीले मन्त्रिपरिषद् पुनर्गठनको काम अगाडि बढाएका हुन् । केही दिनमा कांग्रेसका मन्त्रीहरु पनि नियुक्त हुने मुख्यमन्त्री कार्यालयले जनाएको छ। स्रोतका अनुसार कांग्रेसलाई दुई मन्त्रालय दिने मुख्यमन्त्रीको तयारी छ। कांग्रेसलाई सामाजिक विकास र कानुन मन्त्रालय दिने तयारी भइरहेको स्रोतको भनाइ छ । कांग्रेसमा यज्ञबहादुर विसी र दिनबन्धु श्रेष्ठ मन्त्री बन्ने चर्चा छ। यस्तै हाल सरकारमा रहेका माओवादीका दुई मन्त्री परिवर्तन गरेर नयाँलाई नियुक्त गर्ने तयारीमा मुख्यमन्त्री शाही छन् ।  माओवादीका सांसद विन्दमान विष्ट र सीताकुमारी नेपाली मन्त्री बन्ने सम्भावना छ। कर्णालीमा भौतिक मन्त्रालय भने लामो समयदेखि रिक्त थियो। यसअघि एमालेका खड्कबहादुर खत्री बैंकिङ कसुरमा मुछिएपछि मन्त्रीबाट बर्खास्त भएका थिए । त्यसयता यो मन्त्रालय मुख्यमन्त्री शाहीले सम्हाल्दै आएका थिए। उक्त मन्त्रालयको जिम्मेवारी मुख्यमन्त्रीले दैलेखबाट निर्वाचित एमाले सांसद अमरबहादुर थापालाई दिएका छन् ।

यस्तै यसअघि उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री रहेका नन्दसिंह बुढाले एमालेको निर्देशनपछि केहीदिन अघिमात्र राजीनामा दिएका थिए। शुक्रवार फ्लोर क्रस गरेका उनलाई भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको जिम्मेवारी दिइएको छ । उनी डोल्पाबाट निर्वाचित भएका हुन् । यस्तै कालिकोटबाट निर्वाचित कुर्मराज शाहीले उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको जिम्मेवारी पाएका छन् । शनिवार मन्त्री नियुक्त भएका तीनै जनालाई एमालेको प्रदेश कमिटी पार्टीबाट निस्कासन गरिसकेको छ । यस्तै प्रकाश ज्वालालाई पनि कारबाही गर्न प्रदेश कमिटीले केन्द्रीय कमिटीलाई सिफारिस गरेको छ। कर्णालीले देखाएको बाटोमा अन्य प्रदेशमा पनि हिड्न सकिन्छ भन्ने देखाएको छाप्रदेश खारेजीको माग बढेको बेला अस्थिरता निम्त्याउने काम कसैको हितमा छैन । संसदीय अराजकता र ब्यक्तिवादी हावी हुने काम ले प्रोत्साहन  पाएमा प्रणालीलाई आधात पार्ने बाहेक केही गर्दैन।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बड्ने | तुला | : ब्यापारमा लाभ |
| वृष | : मन चञ्चल | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : सहयोग मिल्नेछ | धनु | : आर्थिक समस्या |
| कर्कट | : सम्मान मिल्नेछ | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : मानसिक तनाब | कुम्भ | : शारिरीक झमेला |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।

**घर जग्गा खरिद बिक्री**
तुरुन्त घर जग्गा खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।
सम्पर्क :
९८५६०२०९४९
९८०२८५८००५

**बडा मजाको आयुर्वेदिक**
१. मोटोपन घटाउन/ बढाउन
२. यौन शक्ति बढाउन/शीघ्र स्खलन रोक्न
३. पेटको सेतो धर्सा हटाउन, योनी टाईट गर्न
४. स्तन घटाउन/ बढाउन/टाइट गर्न
५. कपाल झर्न रोकी पुनः उर्मान
६. अनुहारको चायाँ, पोतो, डण्डिफोर हटाउन
७. जाँडरक्सी चुरोटको कुलत छुटाउन-
८. शरीरको हाइट बढाउन
९. लेडिज/ जेन्स सेक्स टोय पनि पाइन्छ ।
सम्पर्कः सिर्जनाचोक, पोखरा
मो. ९८४८७०५९४८, ९८४३६०८५१३


# म्यान्मारमा दुखेको मानवता

–एकराज पाठक
काठमाडौं, ४ बैशाख (रासस)

गएको मार्च २८ मा म्यान्मारमा 'सशस्त्र प्रहरी बल दिवस' परेको थियो । त्यसैदिन जुन्ता सरकारको विरोध र प्रजातन्त्रको पुनःस्थापनाका लागि निस्किएको विशाल जुलुशमाथि सेनाले निर्मम हमला गऱ्यो र १२० जना प्रदर्शनकारी र सर्वसाधारणको हत्या गऱ्यो । यसरी आफ्ना नागरिकको निर्ममतापूर्वक हत्या गरेको सैनिक सरकारले शनिबार नै प्रहरी दिवसको अवसरमा भव्य भोजको आयोजना गरेको थियो।

यता मृतकका परिवार र अरु सयौँ घाइते नागरिकको रुवावासी र विचल्ली थियो । टेलिभिजन दृश्य र सामाजिक सञ्जालमा पोष्ट गरिएका फुटेजमा राजधानी शहर रक्ताम्मेजस्तै देखिन्थ्यो । सुरक्षाफौजले एकैदिन एकै शहरको जुलुशमा निर्मम रुपमा गोली प्रहार गरी यतिधेरै नागरिकको ज्यान लियो भने अरु सयौँलाई अङ्गभङ्ग गरायो । तर उता त्यसै साँझ सैनिक सरकारको भने भव्य रात्रिभोज चलिरहेको थियो। त्यसको भोलिपल्टका एकाध स्वदेशी र अरु विदेशी सञ्चारमाध्यममा यी दृश्यका बयानसहितका बडो कारुणिक कथा आए । आफ्नै नागरिकको हत्या गरेर बर्मेली सैनिकले मनोरञ्जन लिएको भनी विदेशी सञ्चारमाध्यमले टिप्पणी पनि गरे।

संयुक्त राष्ट्रसङ्घले दुई दिनमात्र अघि विज्ञप्ति प्रकाशन गरेर म्यान्मारमा सुरक्षाकर्मीको आक्रमणबाट त्यहाँ कम्तीमा ५१ बालबालिकाको मृत्यु भएको विवरण सार्वजनिक गरेको छ । आन्दोलनका क्रममा सुरक्षाकर्मीको तर्फबाट भएको हिंसामा परी अप्रिल १३ सम्म उनीहरुको मृत्यु भएको सो विज्ञप्तिमा उल्लेख छ।

केही समयअघि सुरक्षाकर्मीले एकजना बच्चाको आफ्नै आमाबुबाको हातैमा हत्या गरेको समाचारले त नेपाली मिडियामा पनि ठूलो चर्चा पाएको थियो । त्यस्तै नागरिकलाई यहाँको सुरक्षा फौजले ताकेरै गोली हान्ने गरेका फुटेज सामाजिक सञ्जालको बाटो भएर नेपालसम्म आइपुगेका छन् । ती दृश्य बडो दर्दनाक र निर्मम छन्।

म्यान्मारमा जारी पछिल्लो आन्दोलनका क्रममा सुरक्षाकर्मीको तर्फबाट सात सयभन्दा बढी नागरिक मारिएका र त्यसमध्ये कम्तीमा ५१ जना बालबालिका रहेका राष्ट्रसङ्घका प्रवक्ता स्टेफन डुजार्रिकले जनाएका छन् । त्यस्तै सो आन्दोलनमा लागेको आरोपमा झण्डै एक हजार बालबालिकालाई सुरक्षाकर्मीले नियन्त्रणमा लिएका छन् । त्यस्तै यहाँको सेनाले तीन हजार जनालाई नियन्त्रणमा दिएको छ भने २३ जनालाई त आन्दोलनमा लागेकै कारण मृत्युदण्डको सजाय सुनाइएको छ।

बर्मेली जनतामाथि भएको यो क्रुर आक्रमण मानवताविरोधी अपराध भएको सबैको टिप्पणी छ । यसबाट अन्तरराष्ट्रिय जगत् पनि स्तब्ध छ। संयुक्त राष्ट्रसङ्घ, अमेरिका र बेलायतलगायत धेरै देशले नरसंहारको निन्दा गर्दै चर्को विरोध पनि गरेका छन् । यस्तो मानवताविरोधी अपराध भइरहेका बेलामा पनि यस विषयमा विश्वका कतिपय देश विभाजित अवस्थामा देखिनु दुर्भाग्यपूर्ण छ। प्रजातन्त्रको चीरहरण गर्ने सैनिक शासकको यो हर्कतलाई केवल नागरिक हत्याको कसीमा राखेर हेर्नुपर्ने अवस्था यहाँको आन्दोलनले सिर्जना गरेको छ । गत १ फेब्रुअरीमा म्यान्मारको सेनाले जननिर्वाचित सरकारलाई हटाएर सैनिक 'कू' गऱ्यो । नेसनल लिग फर डेमोक्रेसी (एनडिएल) पार्टीको सरकारलाई हटाएर जुन्ताले शासन आफ्नो हातमा लिएको घोषणा गऱ्यो । त्यसलगत्तै त्यहाँकी प्रजातन्त्रवादी नेत्री आङ सान सुकीलगायतका सबै नेतालाई कतिलाई जेल हाल्यो भने केहीलाई आफ्नै निवासमा नजरबन्दमा राख्यो । त्यतिबेलासम्म सेनाले यसअघिको जस्तो शान्त हुन्छ, नागरिकले आफ्ना कदमविरुद्ध कडारुपमा प्रश्न उठाउलान् भन्ने सोचेको थिएन । सबै कुरा ठीक हुन्छ भन्ने सेनाको अनुमान विपरीत त्यहाँका नागरिकले भने आन्दोलन छेडे । त्यहाँ अहिले पनि सैन्य सरकारको अन्त्य गरी देशमा प्रजातन्त्रको बहालीका लागि बृहत् आन्दोलन जारी छ। जुनकुरा पहिले पनि सत्ता हत्याउन सिपालु यहाँको सेनाका लागि नयाँ पाठ भएको छ। अहिले दिनहुँ यहाँका नागरिक लाखौँको सङ्ख्यामा सडकमा निस्किएर जुन्ता सरकारको विरोध गरिरहँदा सैन्य अधिकारी भने तिनै नागरिकमाथि गोलाबारुदको वर्षा गरी हत्या गर्ने बाहेकको अरु केही सोच्न पनि सकेका छैनन्।

अहिले पनि यहाँका सुरक्षाकर्मीले नागरिकमाथि अमानवीय आक्रमण गरिरहेका छन्। बितेको साढे दुई महिनामा यहाँका ७०० भन्दाबढी नागरिकको मृत्यु भइसकेको छ । सैन्य हरकत सहन नसकेर हजारौँ व्यक्ति विस्थापित भएका छन् भने सयौँलाई सैन्य बलमा बेपत्ता पारिएको छ। त्यस्तै सुरक्षाकर्मीको ज्यादतिका कारण अङ्गभङ्ग हुनेको सङ्ख्या हजारौँ पुगेको छ। सेनाको गोलीको तारो निहत्था नागरिक, बालबालिका, वृद्धवृद्धासमेत भएका छन्। यतिमात्र होइन मृत्यु संस्कारमा बसेकासमेत आक्रमणको निसानामा परेका छन्। यता आक्रमणबाट बच्न देश छाडेर भाग्नेलाई सेनाले जान दिएको छ। मानौँ कि आफ्ना विरोधी सबैले देश छोडुन् भन्ने मानसिकतामा सेना देखिएको छ । याहँका नागरिक प्रदर्शनकारीको बटम लाइन सैनिक शासनको अन्त्य र लोकतन्त्रको पुनःबहाली छ । यो आन्दोलन जारी रहँदा सैनिक जुन्ताले भने प्रदर्शनकारीमाथि थप आक्रमणको धम्की दिइरहेको सुनिन्छ। जनताको लोकतन्त्र पुनःबहालीको अडान र सैनिक निरङ्कुशताको क्रुरता हेर्दा बर्माका आगामी दिन अझै अप्ठेरा देखिँदैछन् । यसले थप नरसंहारलाई निम्ता त दिँदैन भन्ने त्रास देखिन्छ । म्यानमारमा गएको साढे दुई महिनादेखि दिनहुँ भइरहेको मानवअधिकार उल्लङ्घन र मानवताविरुद्धको अपराध रोक्न कडा रूपको अन्तरराष्ट्रिय हस्तक्षेप नहुने हो भने त्यहाँ रक्तपात अझ बढ्ने सङ्केत देखिँदैछन्।

सुकी अगुवाइको सरकारका पछिल्ला केही वर्ष बाहेक म्यान्मार लामो समयदेखि सैनिकले नै निरङ्कुश शासन चलाएको छ । यस्तो सरकारको हातबाट मानवअधिकारको संरक्षण र लोकतन्त्रको रक्षाको कुरा आउने पनि भएन। तर त्यतिबेलाको सैनिक सरकारले गरेको थिचोमिचोभन्दा अहिलेको यो आन्दोलन फरक देखिएकोछ। सायदप्रजातन्त्रकोलहर मध्यपूर्व हुदै संसारभरि छाएकोले पनि होला म्यानमारका नागरिक अहिले भने देशमा प्रजातन्त्रको माग गर्दै डटेरै सैनिक शासनका विरुद्ध उत्रिएका छन् । यो माहोल सायद सैनिकले नै आफ्ना पहिलेका सहज सत्तारोहणका तुलनामा फरक नै देखेको हुनुपर्छ।

सन् १९४८ सम्म बेलायती उपनिवेशमा रहेको बर्मा दोस्रो विश्वयुद्धपछि मात्र स्वतन्त्र भएको हो। ब्रिटिस उपनिवेशबाट मुक्त भएपनि म्यान्मारमा प्रजातन्त्र सुदृढ हुन भने सकेन । यहाँ सन् १९६२ मा सैनिक शासन लागू गरियो र सेना प्रमुख नि बिनको नेतृत्वमा सन् १९६२ देखि सन् १९७४ सम्म प्रत्यक्ष सैनिक शासन लागू भयो। त्यसपछि सन् १९७४ देखि १९८८ सम्म यहाँ एकदलीय शासन आयो। सन् १९८८ देखि सन् २०११ सम्म पनि सेनाले नै एकछत्र शासन गर्‍यो । नागरिक विरोधको प्रतिवाद गर्दै आएको सेनाले सन् १९९० मा भने बहुदलीय निर्वाचन गरायो । तर निर्वाचनमा प्रजातन्त्रवादी नेत्री आङ सान सुकीको नेसनल लिग फर डेमोक्रेसी पार्टीले अत्यधिक बहुमत प्राप्त गरेपछि पुनःसेनालाई टाउको दुख्यो। जनमतले दिएको यो परिणाम सैनिक जुन्ताले स्वीकार्न सकेन र सत्ता हस्तान्तरण पनि गरेन। त्यसपछि लामो समयसम्म नेत्री सुकीलाई नजरबन्दमै राख्यो र सैनिक सरकारलाई निरन्तरता दियो। यहाँ सन् २०१५ र २०२० मा भएका आमनिर्वाचनमा सुकीकै दलले विजय प्राप्त गरेको थियो। त्यसयता सोही दलको प्रजातान्त्रिक सरकार थियो । नेसनल लिग फर डेमोक्रेसी पार्टीको जनमत सन् २०२० को नोभेम्बरमा भएको निर्वाचनमा नराम्ररी खस्कने बुझाइ सेनाको थियो। किनभने रोहिङ्ग्या शरणार्थीको उठिबासपछिनेत्री सुकी विवादमा आएकी थिइन् । उनलाई विवादमा ल्याउन र नोवेल शान्ति पुरस्कार खोस्न लगाउन सेनाले पनि मलजल गरेकै थियो। तर निर्वाचन परिणाम भने उल्टो आयो । उक्त पार्टीले नै अत्यधिक मत प्राप्त गरेपछि सेना फेरी असन्तुष्ट बन्यो र निर्वाचनपछिको संसद्को पहिलो बैठकको आह्वान गरिएको दिन १ फेब्रुअरीमा निर्वाचित सरकारलाई अपदस्थ गरेर सैनिक शासन लादियो। त्यस यतादेखि त्यहाँ जनविद्रोह जारी नै छ । प्रजातन्त्रवादी नेत्री आङ सान सुकीलगायत लोकतन्त्रवादी नेतालाई विभिन्न मुद्दा लगाएर नियन्त्रणमा लिइएको छ। अनि यता नरसंहार जारी राखिएको छ । तर अहिलेसम्मको अवस्था हेर्दा जनता मान्ने पक्षमा देखिँदैनन् । अघिल्ला 'कू' हरुको तुलनामा अहिले म्यानमारको जुन्ता सरकारलाई महङ्गो पर्ने देखिन्छ।

यतिखेर म्यानमारमा मानवअधिकार दुखेको छ । यहाँ दिनहुँ नरसंहार जारी छ। यो विषय म्यान्मारको निजी र आन्तरिक मामिला मात्र होइन भनेर बुझ्न अब भने विश्वले ढिला गर्नुहुँदैन । यो म्यान्मारको निजी मामिला नभएर अन्तरराष्ट्रिय चासो, चिन्ता र सरोकारको विषय हो। म्यान्मारको सैनिक जुन्ताले संयुक्त राष्ट्रसङ्घले पारित गरेको रिजोलुसनसमेतलाई पूर्णतःअस्वीकार गर्दै जनतामाथि दमन जारी राखेको छ । यस्तो अवस्थामा विश्वले म्यान्मारलाई दबाब नदिने हो भने यहाँ झन् ठूलो नरसंहार हुनसक्नेतर्फ विश्व समुदायको ध्यान पुग्नु जरुरी छ।

# पानी पर्दा किसान खुशी, डढेलो पनि निभ्यो

पोखरापत्र संवाददाता
म्याग्दी, ४ बैशाख

म्याग्दीसहित साविकको धौलागिरि अञ्चलका तीनवटा जिल्लामा बिहीबार र शुक्रबार वर्षा भएको छ । मुस्ताङबाहेक म्याग्दी, पर्वत र बागलुङ जिल्लामा पानी परेपछि यहाँका किसान खुशी भएका छन्।

लामो समयपछि भएको वर्षाका कारण किसान खुशी भएका हुन्। पानी परेसँगै खेतीबाली सप्रिने, केही दिन अघिदेखि बढेको वातावरणीय प्रदूषण कम हुने र आगलागी पनि नियन्त्रणमा आउने भएपछि किसान खुशी भएका हुन्।

लामो समयपछि पानी पर्दा बाँझो जमिन खनजोत गर्न तथा मकै गोड्न सजिलो हुने बेनी नगरपालिका-२ बगरफाँटका किसान भीमबहादुर कार्कीले बताउनुभयो । पानी परेपछि थुप्रै ठाउँमा भइरहेको आगलागीसमेत नियन्त्रणमा आएको छ। यस वर्ष गत एक महिनाको अवधिमा म्याग्दीको एक हजार ६०० हेक्टर जङ्गलमा आगलागी हुँदा वातावरण नै असहज बन्नुका साथै बस्तीसमेत खतरामा परेका थिए तर, वर्षाले आगलागी नियन्त्रणमा आएको स्थानीय बासिन्दाले बताएका छन् । असोजयता पानी नपरेपछि यो वर्ष हिउँदे खेतीमा नराम्रो असर परेको थियो भने बर्खे खेती लगाउन पनि असर परेको थियो।


**कोठाहरू तथा फल्याट भाडामा**
अफिस तथा निवास प्रयोजनको लागि उपयुक्त फल्याट र कोठाहरू भाडामा छ ।
स्थानः भैरव टोल- २, पोखरा
सम्पर्कः ९८८०३०१२९३
९८८०३०१२९२

**सटर भाडामा**
पोखरा-१० औद्योगिक क्षेत्रमा अफिस तथा व्यवसायको लागि उपयुक्त सटर भाडामा छ ।
सम्पर्कः
९८४६००२०९५


# तनहुँसुर पर्यटन तथा वातावरण मेला हुँदै

पोखरापत्र संवाददाता
दमौली, ४ बैशाख

पुरातात्विक सम्पदाहरूलाई पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने उद्देश्यसहित व्यास नगरपालिका-११ स्थित तनहुँसुरमा हुन लागेको पर्यटन सम्पदा तथा वातावरण मेलाको तयारी पूरा भएको छ।

तनहुँसुर क्षेत्रलाई धार्मिक, सांस्कृतिक, प्राकृतिक एवं जैविक विविधतायुक्त पर्यटकीय क्षेत्रका रूपमा विकास गर्दै स्थानीय समुदायलाई प्रोत्साहन गर्ने उद्देश्यसहित आइतबार र सोमबार हुने मेलाको तयारी पूरा भएको हो । तनहुँसुर देवस्थल समुदायिक घरबास (होमस्टे) र तनहुँसुर सामुदायिक होमस्टेको आयोजना तथा विभिन्न सामुदायिक वन उपभोक्ता समितिको सहआयोजनामा मेला हुन लागेको हो । मेलाको पूर्वराष्ट्रपति डा रामवरण यादवले उद्घाटन गर्ने कार्यक्रम तय भएको छ । तनहुँसुर दरवार परिसर अन्तर्गतका पुरातात्विक सम्पदाका साथै वातावरण संरक्षण एवं प्रवर्द्धनका लागि जनचेतना अभिवृद्धि गर्न, हाल सञ्चालनमा रहेका र सञ्चालन उन्मुख होमस्टेहरूको प्रवर्द्धन गरी आन्तरिक एवं बाह्य पर्यटकको आगमनमा उल्लेख्य वृद्धि गर्दै स्थानीय समुदायको समृद्धिका लागि टेवा पुऱ्याउने मेलाको मुख्य उद्देश्य रहेको मूल आयोजक समितिका अध्यक्ष एवं वडाध्यक्ष निरबहादुर खड्काले जानकारी दिनुभयो । "पर्यटकीय गन्तव्यहरूमा परिरहेको वातावरणीय नकारात्मक प्रभाव न्यूनीकरण गर्दै स्थानीय जनतामा पर्यटनको प्रतिफल समुचित रूपमा वितरण तथा प्राकृतिक, सांस्कृतिक एवं वातावरणीय संरक्षणमा टेवा पुऱ्याउनु नै पर्या-पर्यटनको मूलभूत उद्देश्य हो", उहाँले भन्नुभयो।

नेपाल भ्रमण वर्ष-२०२० को लक्ष्य एवं उद्देश्यअनुरुप उत्साहजनक रूपमा सञ्चालनमा रहेका पर्यटकीय गतिविधिहरू एकाएक विश्वव्यापी महामारी कोरोना भाइरसका कारण अस्तव्यस्त एवं अन्योलको अवस्थामा पुग्न गएको हुँदा पर्यटन क्षेत्रलाई पुनरुत्थान गर्न सहयोग पुऱ्याउने उद्देश्यसहित मेला हुन लागेको हो । मेलाका अवसरमा तनहुँसुर दरबारमा बिहान ११ देखि साँझ ६ बजेसम्म विभिन्न अन्तरक्रिया, वक्तृत्वकला, सांस्कृतिक, साहित्यिक तथा पर्यटकीय कार्यक्रमसहित सञ्चालन गरिनेछ । मेलाका अवसरमा धार्मिक एवं ऐतिहासिक स्थलहरूको भ्रमण तथा दर्शन, विविध सांस्कृतिक कार्यक्रमसहित होमस्टे अनुभव, तनहुँसुर इको ट्रेक, पुरातात्विक सम्पदा र वन तथा वातावरणसम्बन्धी प्रदर्शनी, पुरातात्विक सम्पदाको महत्व एवं वातावरण संरक्षण विषयक माविस्तरीय वक्तृत्वकला प्रतियोगिता, खाना महोत्सव सञ्चालन गरिनेछ। खाना महोत्सवमा स्थानीय समुदायको आयोजनामा अर्गानिक खानाका परिकारहरू (सेल रोटी, तरुल, भ्याकुर बटुकी, गुन्द्रुक, भट्ट, भुटेको मकै, सिस्नोको सुप, सुकुटी, लोकल कुखुराको मासु, कोदो/फापरको ढिँडो उपलब्ध गराइनेछ । तनहुँसुर सेन वंशीय राजाले राज्य सञ्चालन गरेको ठाउँ हो । तनहुँ जिल्लाको नाम तनहुँसुरबाट अप्रभंश भएर रहेको भन्ने किंवदन्ती छ । पाल्पाका राजा मणिमुकुन्द सेनले आफ्ना जेठा छोरा भृङ्गीसेनलाई सन् १६१० मा तनहुँमा राज्य सञ्चालन गर्न पठाएको र उनीपछिका आठ सेनवंशी राजाले २३० वर्ष तनहुँसुरबाट राज्य सञ्चालन गरेको इतिहास रहेको छ। तनहुँसुर दरबारका अवशेष, राजपरिवारले प्रयोग गरेका किल्ला र गढीहरू, धारा, तोप तथा अन्य हातहतियार, बारुदीखाना, राजाले न्याय निसाफ तथा कचहरी सञ्चालन गर्ने गद्दीचौतारा, साउने कुवा, कुँडापानी, बाइससिँढी चौतारी, ढुङ्गेसाँगु, फूलपाती ढुङ्गा, रानीपोखरी, धर्मशाला, रानीबगैँचा, भगवतीपानी मन्दिर यहाँका पर्यटकीय सम्पदा हुन्।

# नगरपालिकाको अग्रसरतामा ४५ पहिरोपीडितको घर बन्ने

**पोखरापत्र संवाददाता**
**गलकोट, ४ बैशाख**

बागलुङ नगरपालिकाले पहिरोपीडितको घर बनाइदिने गरी आवश्यक पहल थालेको छ ।

गत वर्षात्मा बाढी, पहिरोले घरमा पूर्णरुपले क्षति पुऱ्याएका नगरपालिकाका ४५ घर परिवारलाई नगरपालिकाले घर बनाउन आर्थिक सहयोग गर्ने निर्णय गरेको छ । नगरपालिकाको विपद् व्यवस्थापन समितिले नगरभित्रका ४५ पहिरोपीडित परिवारलाई रु एक लाख ५० हजारका दरले घर बनाउन अनुदान रकम दिने निर्णय गरेको हो । जनताको नजिकको सरकारले पहिरोबाट विस्थापित भएकालाई घर बनाउन सहयोग पुऱ्याउने उद्देश्यले केन्द्र र प्रदेश सरकारसँग समन्वय गरेर आर्थिक अनुदान उपलब्ध गराउने निर्णय गरेको नगरप्रमुख जनकराज पौडेलले जानकारी दिनुभयो । " घर बनाउन नगरपालिकाको तर्फबाट दुई किस्ता गरेर रु एक लाख ५० हजार उपलब्ध गराइनेछ", नगरप्रमुख पौडेलले भन्नुभयो ।

बागलुङलाई विपद् जिल्लाको रुपमा सरकारले घोषणा गरेर बाढीपहिरो पीडितलाई घर बनाउन सङ्घीय सरकारले रु चार लाख, गण्डकी प्रदेश सरकारले रु एक लाख दिने निर्णय गरेको छ, त्यसमा नगरपालिकाले एक लाख ५० हजार थप गर्ने निर्णय गरेको हो । घर बनाउने सूचीमा परेका पीडितले घर निर्माणको पहिलो चरण पूरा गर्नासाथ रु ७५ हजार पहिलो किस्तावापत उपलब्ध गराउने नगरपालिकाका इञ्जिनीयर गौरव शर्माले जानकारी दिनुभयो ।

"घर बनाउँदा पहिरोपीडितले भूकम्प प्रतिरोधी संरचना बनाउनुपर्ने प्रावधान छ, तीन ढाँचामा नगरपालिकाले नक्सा बनाएको छ", इञ्जिनीयर शर्माले भन्नुभयो, "रु एक लाख ५० हजारले सबै घर बन्दैन, पीडितलाई अनुदानका रुपमा उपलब्ध गराउन थालिएको हो, प्रदेश र सङ्घीय सरकारले समेत घर बनाउन रकम दिने भएपछि पीडितले राम्रो भूकम्प प्रतिरोधी घर बनाउन सक्नेछन् ।"

सङ्घीय सरकार र प्रदेश सरकारले पीडितको घर बनाउन दिने भनेको रकम केही ढिला भएका कारण नगरपालिकाले पीडितको घाउँमा मलम लगाउन भए पनि अनुदान दिने निर्णय गरेको छ ।

उक्त घर सङ्घीय सरकार र प्रदेश सरकारले अनुदान दिने लाभग्राहीको सूचीमा समेत छन् । सरकारले बागलुङलाई विपद्ग्रस्त क्षेत्रका रुपमा समेटेर बागलुङका ५९० घर पुनःनिर्माण गर्नुपर्ने तथ्याङ्क सङ्कलन गरेको थियो । बाढीपहिरो पीडितको घर निर्माणका लागि बागलुङ जिल्लामा सरकारले कार्यालय स्थापना गर्ने तयारीसमेत थालेको छ । भदौ १७ गते राति ढोरपाटनको भुजीखोला थुनिएर आएको बाढीले झण्डै १०० भन्दा बढी घर बगाएको थियो । त्यसलगत्तै बागलुङलाई सरकारले विपद्ग्रस्त जिल्लाका रुपमा घोषणा गरेको थियो ।

# बगैचा टोलविकास संस्थाको नयाँ वर्षको शुभकामना आदान प्रदान

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ बैशाख**

बगैचा टोलविकास संस्थाको पोखरा ६ बैदामको आयोजनामा नयाँबर्ष २०७८ सालको उपलक्ष्यमा शुभकामना आदानप्रदान कार्यक्रम शनिबार सम्पन्न भएको छ ।

आउँदै गरेको नयाँबर्षले प्रत्येक नेपालीको घरदैलोमा नयाँ उमंग सहित खुशीयाली प्राप्त होस् भन्ने कामना सहित एकापसमा शुभकामना आदानप्रदान गरिएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि वडा प्रहरी कार्यलय बैदामका निरिक्षक बुद्धिसागर पुरीले बैदाम क्षेत्र पर्यटकीय क्षेत्र भएका हुनाले यस क्षेत्रको शान्ति सुरक्षाको लागि स्थानिय र टोल विकास संस्थाको भुमिका महत्वपूर्ण हुने बताए । नेपाल प्रहरी कुनै पनि काम एक्लै गर्ने नसक्ने हुदा नगरिक समाज, स्थानिय ब्यक्ति र जनप्रतिनिधिहरुको सहयोग अपरिहार्य हुन्छ, सिसि क्यामराको




महतले समाजमा घटेका घटनामा प्रहरीलाई सफलता मिलेको बताउदै समाजमा चोरी डकैती रोगथामका लागि सिसि क्यामरा महत्वपूर्ण हुने हुदा स्थानिय स्तरमा जडान गर्ने आयोजकलाई आग्रह गरे ।

विशेष अतिथि पोखरा महानगरपालिका वडा न ६ का जनप्रतिनिधी राममाया विकले वडा समिति स्थानिय टोल संस्थाहरुको सरसल्लाह अनुरुपमा नै अगाडी बढेको छ । वडाको विकास निमार्णमा नागरिक समाज, क्लब र टोलविकास संस्थाहरुको महत्वपूर्ण योगदान रहेको बताउदै, नेपालीमा नयाँबर्षले हर्ष उल्लास ल्याउन सफलहोस् भन्ने कामना सहित नयाँबर्ष मनाउदा स्वास्थ्य सुरक्षा र सावधानी अपनाएर मनाउन आब्हान गरिन ।

टोल विकास संस्थाका अध्यक्ष मिना ढकालको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष गोमा भण्डारी, सल्लाहाकार प्रेमनारायण अधिकारी, राष्ट्रिय सम्पदा समितिका पोखराका संयोजक विष्णुहरी अधिकारी, ताल बाराही गुठी ब्यवस्थापन समितिका अध्यक्ष हिक्मत बहादुर कुँवर, बसन्त बैठक टोल विकास संस्थाका अध्यक्ष तुलसी दहाल, रेडक्रस इकाइ ६ का अध्यक्ष गिरिराज अधिकारी र राप्रपा बैदाम ६ का अध्यक्ष गणेश ढकाल लगायतका बक्ताहरुले नयाँबर्षले प्रत्येक नेपालीहरुको ओठमा नयाँ मुस्कानको कामना गर्दै विश्वमा फैलिरहेको कोरोना भाइरसबाट विश्वले छिटै मुक्ति प्राप्त होस् भन्ने कामना गरेका थिए ।

सचिव रेणु लामिछान संचालन गरेको कार्यक्रमका संस्थालाई सहयोग गर्ने महानुभावहरुलाई र नयाँ आगन्तु सदस्यहरुलाई दोसला सहित सम्मानपत्रले सम्मान गरिएको थियो ।

# बृहत् लिफ्टिङ खानेपानी आयोजना सञ्चालनमा आउँदै

**पोखरापत्र संवाददाता**
**तनहुँ, ४ बैशाख**

व्यास नगरपालिका-१० स्थित चिसापानी देवीडाँडा बृहत् लिफ्टिङ खानेपानी आयोजनाबाट करीब एक हजार पाँच सय घरधुरी लाभान्वित हुने भएका छन् ।

सो क्षेत्रका बासिन्दाले खानेपानीको चर्को समस्या भोग्दै आएपछि त्यसलाई मध्यनजर गर्दै सङ्घीय सरकारको रु तीन करोड विनियोजन गरेपछि निर्माण कार्य अघि बढाएको हो । व्यास ९, १० र ११ को सिमानामा पर्ने चिसापानीबाट पानी ल्याएर लिफ्टिङ गर्न लागिएको वडाध्यक्ष तुलसीराम सापकोटाले जानकारी दिनुभयो । लिफ्टिङ गरिएको पानी सङ्कलन गर्नका लागि देवीडाँडामा पाँच लाख लिटर क्षमताको रिर्जभ ट्याङ्की निर्माण कार्य थालिएको उहाँले बताउनुभयो । चिसापानीबाट करीब एक हजार २०० मिटर दूरीबाट पाइपमा ल्याइएको पानीलाई देवीडाँडासम्म लैजानका लागि करीब २६५ मिटर उचाइमा लिफ्ट गरिने जनाइएको छ ।

देवीडाँडामा रिर्जभ ट्याङ्की निर्माण गरेपछि बस्तीअनुसारको आठ वटा शाखा ट्याङ्की निर्माण गरेर पानी वितरण गर्ने योजना रहेको उहाँले बताउनुभयो । उक्त आयोजना सम्पन्नपश्चात् त्यस वडाका अँधेरीभञ्ज्याङ, दुम्सीकोट, दुम्सीचौर, बरचौर, शितलगुफा, नयाँ बस्तीलगायतका क्षेत्रका बासिन्दा प्रत्यक्ष लाभान्वित हुनेछन् ।

उक्त आयोजनाको निर्माणका लागि ग्यालेक्सी कन्ट्रक्सन प्रालि चितवनले जिम्मा पाएको छ । दुई वर्षीय योजना रहेकाले विसं ०७९ मा सम्पन्न गर्ने लक्ष्य लिइएको छ । आयोजना सम्पन्नपश्चात् त्यस क्षेत्रका बासिन्दाले प्रशस्तमात्रामा पानीको प्रयोग गर्न पाउने गरी आयोजनाको कार्य अघि बढाइएको छ । दुम्सीचौर टोल विकास संस्थाका अध्यक्ष चेतबहादुर दरैले पानीको साह्रै दुःख भोग्नुपरेको हुँदा आयोजना सम्पन्नपछि पानीको समस्या समाधान हुने अपेक्षा गरिएको बताउनुभयो ।

# नीति र एजेण्डा कांग्रेसको नयाँ नेतृत्व चयनको आधार : नेता सङ्ग्रौला

**पोखरापत्र संवाददाता**
**म्याग्दी, ४ बैशाख**

नेपाली कांग्रेसका केन्द्रीय सदस्य डा डिला सङ्ग्रौलाले नेपाली कांग्रेसको १४औँ महाधिवेशनले नीति र एजेण्डाको विषयलाई प्राथमिकता दिँदै नयाँ नेतृत्व चयन गर्ने बताउनुभएको छ । नेपाल प्रेस युनियन म्याग्दीले शिनबार बेनीमा आयोजना गरेको पत्रकार सम्मेलनमा उहाँले कांग्रेस लोकतान्त्रिक मूल्य मान्यता र संरक्षणमा प्रतिबद्ध रहेको पार्टी भएकाले नीति र एजेण्डामा केन्द्रित रहेर महाधिवेशनले नयाँ नेतृत्व चयन गर्ने बताउनुभएको हो । प्रतिनिधिसभा सदस्यसमेत रहेका नेता सङ्ग्रौलाले कांग्रेस, नेकपा माओवादी केन्द्र र जनता समाजवादी पार्टी मिलेर नयाँ सरकार बनाउने गृहकार्य भइरहेको उल्लेख गर्दै नयाँ सरकार बनाउने गृहकार्य कर्णाली प्रदेशबाट शुरु भएको दावी गर्नुभयो । कोरोना भाइरस सङ्क्रमण नियन्त्रण तथा खोप लगाउने कार्यप्रतिसरकार जिम्मेवार बन्न नसकेको आरोप पनि लागाउनुभयो ।

# मानव सेवा आश्रममा चितवन पोखरा सम्पर्क समाजको खाजा वितरण

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ बैशाख**

चितवन पोखरा सम्पर्क समाजद्वारा आयोजना गरिएको भित्तेपात्रो विमोचन तथा दीनःदुखी, र असहायहरुप्रति संस्थागत उत्तरदायित्व वहन गर्दै 'मानव सेवा आश्रम' छोरेपाटनमा रहेका १५० जना असहायहरू लाई खाजा खुवाएर सहयोग गरिएको छ ।

उक्त कार्यक्रममा भित्तेपात्रो विमोचन संस्थाका संस्थापक अध्यक्ष निर्मल सापकोटा, संस्थाका अध्यक्ष शान्ता पुरी, पोखरा उद्योग वाणिज्य संघका कासस रूप नारायण भुजेल, उद्योगपति एवम् समाज सेवी धर्मराज बर्तौला, कस्मेटिक ब्यवसायी संघकी प्रथम उपाध्यक्ष दुर्गा बराल पनेरू, सस्थाका उपाध्यक्ष दीलिप पनेरु, सस्थाका सल्लाहकारद्धय आनन्द सापकोटा र देवकुमार श्रेष्ठ र मानव सेवा आश्रमका अभिभावक एवम् पोखरा उद्योग वाणिज्य संघकी कासस शोभा गौतम लगायत अन्यले एकै साथ विमोचन गर्नु भएको थियो भने कार्यक्रम सञ्चालन संस्था कि सचिब तारा पराजुली सापकोटाले गर्नुभएको थियो ।

# म्याग्दीमा फस्टाउँदै कौसीखेती

**पोखरापत्र संवाददाता**
**म्याग्दी, ४ बैशाख**

म्याग्दीको सदरमुकाम बेनीबजारका गृहिणी पछिल्लो समय कौसीखेतीतर्फ आकर्षित भएका छन् ।

समय कटाउन पनि सजिलो, आफैँले घरकै छतमा फलाएका ताजा तरकारी पनि खान पाइने, पैसाको पनि बचत हुने, घरको सुन्दरता पनि थपिने र बाहिर निस्कन नपर्दा सङ्क्रमणबाट पनि जोगिने भएकाले यहाँका गृहिणी कौसीखेतीतर्फ रमाउन थालेका हुन् । बेनी नगरपालिका-७ र ८ मा पर्ने बेनीबजारमा एक हजार २०० भन्दाबढी घर छन् । तीमध्ये अधिकांश घरमा कौसीखेती गरिएको छ । अर्गानिक र विषादीरहित तरकारी खान पाइने, पैसाको बचत हुने र घरमा नै बसेर तरकारीको स्याहार गर्दा कोरोना सङ्क्रमणको जोखिम पनि कम हुने भएकाले कौसीखेती उपयोगी भएको बेनी नगरपालिका- ७ वीरेन्द्रचोकको सिर्जना भट्टचनले बताउनुभयो ।

उहाँ जस्तै बजारका ५० जना महिला र पुरुषले कौसीखेतीसम्बन्धी तालिम नै लिएर यो खेती शुरु गरेका हुन् । आफ्नो वडामा कौसीखेतीतर्फ गृहिणीको आकर्षण देखेर बेनी ७ ले दुई साताअघि कौसीखेतीसम्बन्धी तालिम नै सञ्चालन गरेको थियो ।

भान्छाबाट उत्पन्न फोहर व्यवस्थापन गरी सानो परिवारका लागि घरको छतमा गमलामा तरकारी तथा फलफूल रोपेर गरिने खेतीलाई व्यवस्थित गर्न वडा कार्यालयले उपभोक्तासँग साझेदारीमा तालीम तथा आवश्यक साम्ग्री खरीद गरी कौसीखेतीलाई व्यवस्थित गरेको बेनी नगरपालिका- ७ का वडाध्यक्ष राजेन्द्रकुमार श्रेष्ठले जानकारी दिनुभयो । उहाँले गमला, प्लाष्टिकका भाँडा, ड्रम तथा बास्केट लगायतमा माटो र मलखाद राखेर कौसीमा खेती गर्न सकिने भएपछि कौसीमा सानो क्षेत्रमा पनि घरपरिवारले तरकारी उत्पादन गर्न सक्ने प्रतिक्रिया दिनुभयो । तालीममा जैविक तरकारखेतीको आवश्यकता, माटोको तयारी, बाली छनोट, बेर्ना उत्पादन, बेर्ना सार्ने प्रक्रिया, मलखाद व्यवस्थापन, सम्भावित रोग र निदानका उपाय र बाली भित्र्याउने प्रक्रिया सिकाइएको थियो । वडा कार्यालयको वार्षिक बजेटअन्तर्गत उक्त तालीम सञ्चालन गरिएको थियो । तालीममा स्थानीय जातका तरकारी लगाउन प्रोत्साहन गरिने र उन्नत जातकोसमेत जानकारी गराइने अध्यक्ष श्रेष्ठले बताउनुभयो । भान्साबाट निस्कने फोहरलाई व्यवस्थापन गरी मल बनाउन विधिसमेत तालीमसमेत प्राप्त गरेपछि सहज भएको बेनी बजारकी अर्की गृहिणी सोभिता श्रेष्ठले बताउनुभयो । तालीममा सहभागीलेकौसीमारोपेकोतरकारीले पर्याप्त नभए पनि घरभित्रको फोहर व्यवस्थापन र समयको सदुपयोग हुने बताएका थिए ।

# अफगानिस्तानमा २४ घण्टामा ५० बढी विद्रोहीको सुरक्षा कारबाहीमा मृत्यु

**रासस**
**काठमाडौं, ४ बैशाख**

अफगानिस्तानमा विगत २४ घण्टामा अधिकांश विद्रोही तालिवान लडाकूसहित ५० भन्दा बढी व्यक्तिको विभिन्न भिडपमा मृत्यु भएको अफगानी सरकारी अधिकारीले बताएका छन् ।

वाशिङ्गटनले आफ्नो सेनालाई अफगानिस्तानबाट फिर्ता लाने निर्णय गरिसकेको छ । यसका लागि वासिङ्टनले आफ्नो तयारीलाई अन्तिम चरणमा पुऱ्याएको छ । पछिल्लो पटक तालिवान लडाकूले तखार प्रान्तको राजधानी तालुकान सहरको बाहिरी घेरामा रहेको एउटा सुरक्षा जाँच केन्द्रमा शनिबार बिहान आक्रमण गरी सरकार निकट मानिने चार लडाकूलाई मारेका थिएभने पाँच घाइते भएका थिए । यसको जवाफमा सरकारी सुरक्षाकर्मीले इमाम साहिब जिल्लामा आक्रमण गरेको बताइएको छ । उक्त घटनामा दुई तालिवान लडाकूको मृत्यु भयो भने चारलाई पक्राउ गरिएको मोहम्मद स्माएलले सिन्सवासँग बताउनुभयो । संयुक्त राज्य अमेरिकाका राष्ट्रपति जो बाइडेनले बुधवार अफगानिस्तानबाट अमेरिकी सेना फिर्ता मे १ देखि गर्ने घोषणा गर्नुभएको छ र यो प्रक्रिया सेप्टेम्बर ११ मा सम्पन्न हुनेछ । अफगानिस्तानका लडाकू विमानहरूले पश्चिमी निमरोज प्रान्तको खाशरोद जिल्लामा तालिबानी लडाकू समूहको भेलालाई लक्षित गरि गरेको अर्को एक आक्रमणमा शुक्रबार अपराह्न २२ लडाकूको मृत्यु भएको यहाँको रक्षा मन्त्रालयद्वारा जारी एक विज्ञप्तिमा उल्लेख गरिएको छ । उक्त कारबाहीबाट १७ सैनिकसहित २० सुरक्षाकर्मीलाई तालिवानी समूहको कब्जाबाट मुक्त गरिएको दावी रक्षा मन्त्रालयले गरेको छ । त्यस्तै अफगानिस्तानका विभिन्न स्थानमा गरिएका स्थल कारबाहीमा विगत २४ घण्टामा अन्य २० तालिवान लडाकूको मृत्यु भएको सेनाले पुष्टि गरेको छ । यी घटनाबारे तालिवान समूहको धारणा सार्वजनिक भइसकेको छैन ।

# हावाहुरीले विद्यालयको छानो उडायो, घरमा क्षति

**पोखरापत्र संवाददाता**
**दमौली, ४ बैशाख**

शनिबार साँझ आएको भीषण हावाहुरीसहितको वर्षाले तनहुँको बन्दीपुर गाउँपालिका-५ कल्चोकस्थित जलदेवी प्राथमिक विद्यालयको छानो उडाएको छ । दिउँसो ४ बजेतिर आएको हावाहुरीसहितको वर्षाले विद्यालयको छानो उडाउनुका साथै सोही वडाका एक महिलाको घरमा क्षति पुगेको हो ।

हावाहुरीले विद्यालयको एउटा कक्षाको छानो उडाएको वडा सदस्य एवं विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मदन पाटाले जानकारी दिनुभयो । उहाँका अनुसार छानो उडाएपछि उक्त कक्षाका विद्यार्थीलाई अर्को कक्षामा राखेर पढाइने र छानो फेर्ने काम गरिनेछ । हावाहुरीले रुख भाँचिएर स्थानीय पानमाया रानाको घरमा क्षति पुगेको छ । घरमाथिको बरको रुख भाँच्चिदा रानाको घरमा क्षति पुगेको पाटाले बताउनुभयो । त्यस्तै हावाहुरीले जनप्रिय बाल क्लबको भवन र भुवन रानामगरको टनेलहाउसमा पनि क्षति पुगेको छ । "वडाभित्रका अन्य क्षतिको विवरण भने आउन बाँकी छ", उहाँले भन्नुभयो ।

# सिसीएमसी बैठकमा स्वास्थ्य मन्त्रालयको प्रस्तावमा सुझाव पेश

**रासस**
**काठमाडौं, ४ बैशाख**

कोभिड-१९ सङ्कट व्यवस्थापन सञ्चालन केन्द्र (सिसीएमसी)ले स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको कोरोनाको नयाँ प्रजाति रोकथाम, नियन्त्रण र उपचार गर्नेसम्बन्धी प्रस्तावमाथि छलफल गरी राय, सुझावसहित परिमार्जन गरेको छ ।

कोभिड-१९ को नयाँ प्रजातिको सङ्क्रमण अलि भिन्न र छिटो फैलन सक्ने भएकाले रोकथामलाई कसरी व्यवस्थित र चुस्त तुल्याउने भन्ने सन्दर्भमा मन्त्रालयको प्रस्तावमाथि विभिन्न कोणबाट छलफल गरी राय, सुझाव दिएको सचिव खगराज बरालले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "अहिलेको अवस्थामा स्वास्थ्य मापदण्ड पालनालाई बढी प्रभावकारी तुल्याउन आवश्यक छ, रोकथाम र नियन्त्रणका लागि जनचेतना जागरणका कार्यक्रमलाई थप प्रभावकारी तुल्याउनुपर्छ भन्नेमा सबैको जोड छ ।" बैठकमा कोरोना रोकथामका लागि टोल, समुदाय, स्थानीय तह र प्रदेशलाई आ-आफ्ना कार्यक्षेत्रभित्र जनचेतना जागरणका कार्यक्रम सञ्चालन गर्न सुझाव दिन उचित हुने रायसमेत प्रस्तुत गरिएको थियो । विद्यालयको पठनपाठन कसरी सञ्चालन गर्ने भन्ने सम्बन्धमा विगतको जस्तो समग्र एकैचोटि नभई कोरोनाको सङ्क्रमण जोखिम बढी देखिएका स्थानमा तत्कालका लागि शिक्षा मन्त्रालयको जारी भएको अनलाइनलगायतका वैकल्पिक सिकाइका ढाँचा र विधिमार्फत पठनपाठनको व्यवस्था गर्न उचित हुनसक्छ भन्ने पाटोबाट गम्भीर छलफल भएको सचिव बरालले जानकारी दिनुभयो ।उहाँले भन्नुभयो, "तर यो विषयमा निर्णय हुन भने बाँकी नै छ, मन्त्रिपरिषद्बाट निर्णय भई आदेश जारी भइसकेपछि मात्र विद्यालय सञ्चालन र सिकाइका वैकल्पिक ढाँचा लागू हुनेछ ।" कोरोना नियन्त्रण, रोकथाम, उपचार र यससँग सम्बन्धित कार्यका लागि निर्णय गर्ने अधिकार स्थानीय तह र स्थानीय प्रशासनसमेतलाई दिनुपर्छ भन्नेमा बैठक मतैक्यता रहेको तथा प्रवेश बिन्दुमा नै सङ्क्रमण रोकथामका कदमलाई प्रभावकारी तुल्याउनुपर्छ भन्ने तर्क पनि गरिएको थियो ।

# भारतमा एकैदिनमा दुई लाख ३४ हजार संक्रमित, एक हजार ३०० मृत्यु

**रासस**
**काठमाडौं, ४ बैशाख**

भारतमा कोरोनाभाइरसबाट एकैदिनमा दुई लाख ३४ हजारभन्दा बढी सङ्क्रमित भएका छन् ।

एकैदिनमा यति धेरै सङ्क्रमित भएको यो नै पहिलो पटक भएको अधिकारीले शनिबार जानकारी दिएका छन् । उनीहरुका अनुसार पछिल्लो २४ घण्टामा भारतमा कोरोनाका कारण मात्रै एक हजार ३०० भन्दा बढीको मृत्यु भएको छ । भारतको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले सार्वजनिक गरेको पछिल्लो तथ्याङ्कमा एक दिनमा एक हजार ३४१ जनाको मृत्यु भएको उल्लेख छ । योसँगै देशभरी अहिलेसम्म कोरोनाका कारण कुल मृतकको सङ्ख्या एक लाख ७५ हजार ६४९ पुगेको मन्त्रालयले जनाएको छ । त्यसैगरी पछिल्लो २४ घण्टामा दुई लाख ३४ हजार ६९२ जना सङ्क्रमित भएसँगै कुल सङ्क्रमितको सङ्ख्या एक करोड ४५ लाख २६ हजार ६०९ पुगेको अधिकारीले जनाएका छन् ।

भारतमा अहिले पनि कोरोनाभाइरसबाट सङ्क्रमित रहेकाको सङ्ख्या १६ लाख ७९ हजार ७४० पुगेको मन्त्रालयको तथ्याङ्क छ । मन्त्रालयका अनुसार पछिल्लो २४ घण्टामा एक लाख २३ हजार ३५४ जना कोरोनाभाइरसबाट सङ्क्रमणमुक्त भएका छन् । भारतमा अहिलेसम्म कोरोनाभाइरसबाट सङ्क्रमित भएरपनि मुक्त भइसकेकाको कुल सङ्ख्या एक करोड २६ लाख ७१ हजार २२० पुगेको छ । भारतीय मेडिकल रिसर्च काउन्सीलले गत शुक्रबार मात्रै देशभरी १४ लाख ९४ हजार ३९७ जनाको कोरोना परीक्षण गरिएको जनाएको छ ।